# मुहार(Face)

बेथ बोन्नीवेल हासलेट (Beth Bonniwell Haslett)
प्राध्यापक, सञ्चार शास्त्र विभाग, डेलावेर विश्वविद्यालय (संयुक्त राज्य अमेरिका)

## के हो मुहार ?

मुहार कुनै निश्चित भेटघाटमा एउटा व्यक्तिले दाबी गर्ने सकारात्मक सामाजिक मूल्य हो । यसलाई कुनै निश्चित सन्दर्भमा व्यक्तिले आफू स्वयं वा अरुको सम्बन्धमा व्यक्त गर्ने शाब्दिक वा गैर शाब्दिक क्रियाकलापहरुले समेत समर्थन गर्छ । यसरी, मुहार समाजिक रुपमा साझा भएको तथा अपेक्षित सांस्कारिक समूहहरुको एक भाग हो । यस मार्फत व्यक्तिहरुले अरुसँग अर्न्तक्रिया गर्न आफु उत्सुक रहेको कुरा प्रर्दशन गर्दछन.।

मुहार, स्वयं र पहिचानसँग घनिष्ठ रुपमा जोडिएको हुन्छ । स्वय व्यक्तिहरुको मुख्य पहिचान हो, जो उनीहरुको हरेक अर्न्तक्रियामा उपस्थित रहन्छ, तथापि एउटा व्यक्तिको बहुपहिचानहरु विभिन्न सन्दर्भहरुमा प्रकट हुन सक्दछन. । मानिसका प्रतिक्रियाहरुले यस्ता पहिचानहरुको व्याख्या तथा अर्थ कसरी बुझ.ने भन्ने कुराको संकेत गर्दछ । यस्ता संस्कारहरुको आदानप्रदानले व्यक्तिहरु बीचको अर्न्तक्रियाहरुलाई अर्थपूर्ण बनाउन सहयोग गर्दछन. त्यसैले यस्ता संस्कारहरु कुनै पनि अर्न्तक्रियाका लागी शर्त पनि हुन् ।

मुहारलाई फरक संस्कृतिमा फरक ढंगले प्रर्दशन गरिन्छन । मुहारको अवधारणा सामुहिक साथै व्यक्तिगत रुपमा लागु हुन सक्छ र यस प्रक्रियामा संवेग तथा भावनाहरु जोडिएका हुन्छन् । यसरी मुहारको अवधारणा एक सहकार्यमुलक क्रियाकलाप हो जसमा व्यक्तिले आफ्नो मुहारको समर्थन गर्नुका साथै अरुको मुहारको सम्मान समेत गर्ने गर्दछ ।

## यो अवधारणाको प्रयोग कसले गर्दछन् ?

विद्यार्थी तथा शोधकर्ताहरु मुहारको अवधारणालाई पारस्परिक, सामूहिक तथा अन्तरसांस्कृतिक संचार प्रक्रिया बुझ्नका लागि उपयोग गर्छन् । मुहार अवधारणा खासगरी कसरी द्वन्द्व एवं गलत बुझाइ, विशेषगरी कसैको मुहारकोउलंघन वा अपमान भएको बेला उत्पन्न हुनसक्छ भन्ने कुरा बुझ्न उपयोग गरिन्छ । परामर्शदाता तथा अन्य चिकित्सकिय सेवा प्रदायकहरुका लागि पनि आफ्ना ग्राहकहरुको संचार सीप सुधारका निम्ति मुहार अवधारणा एक महत्वपूर्ण साधन बन्न सक्छ ।

## अन्तरसंस्कृतिक संवादसँगको उपयुक्तता ?

मुहार सैध्दान्तिक रुपमा एक विश्वव्यापी सांस्कृतिक अवधारणा हो । सबै समाजहरु आफ् नो सामाजिक प्रचलनहरु एवं सांस्कृतिक सम्बन्धहरु जोगाईराख्न परम्परागत संचारका स्वरुपहरुमा भर पर्दछन । तथापि मुहारको प्रयोग कसरी हुन्छ भन्ने कुरा चाही संस्कृति अनुसार फरक हुन्छ । विभिन्न संस्कृतिहरुले अन्तरक्रियागर्न आवश्यक पर्ने मुहार बुझ्न आवश्यक छ र सबै सहभागीहरुको प्रतिष्ठाको आदर गर्न जरुरी हुन्छ । यो एक जटिल कार्य हो जसमा धेरै विचार एवं प्रयासको आवश्यकता पर्दछ तर हामी मानव जातिले शान्तिपूर्ण सहअस्तित्व स्वीकार गर्न सक्षम हुनका लागि यो अत्यावश्यक छ ।

## के काम बाँकी छ ?

विनम्रता र मुहारको समिश्रणलाई स्पष्ट पार्न आवश्यक छ । मुहार एक जटिल, बहुमुखी अवधारणा हो । यो प्राथमिक रुपमा मुहारलाई हेरिने विनम्रता भन्दा माथि रहन्छ । विद्वानहरुले मुहारलाई सम्मान गर्ने सवालमा सांस्कृतिक भिन्नताहरुको विषयमा खोज गर्न आवश्यक छ ।

## सन्दर्भ सामग्री

Goffman, E. (1955). On face-work: An analysis of ritual elements in social interaction. *Psychiatry, 18*(3), 213-231.

Haslett, B. (2014). A face model of intercultural communicative competence. In X. Dai & G. M. Chen (Eds.), *Intercultural communication competence* (pp. 118-143). Newcastle upon Tyne: Cambridge Scholars.

Spencer-Oatey, H. (2007). Theories of identity and the analysis of face. *Journal of Pragmatics,39*, 639-56.

Ting-Toomey, S., & Kurogi, A. (1998). Facework competence in intercultural conflict: An updated face-negotiation theory. *International Journal of Intercultural Relations, 22*, 187-225.

**अनुवादक: शान्ता दाहाल**



Originally published in 2015; translated into Nepali in 2017.